# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन २५ गते २०३२ साल

### निर्वाचन आयोगको

### सूचना

निर्वाचन आयोग (आन्तरिक कार्य व्यवस्था) (पहिलो संशोधन) नियमहरू, २०३२

निर्वाचन आयोग ऐन, २०२४ को दफा ६ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले बनाएको देहायको नियमहरू श्री ५ महाराजाधिराजबाट स्वीकृत गरिबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "निर्वाचन आयोग (आन्तरिक कार्य व्यवस्था) (पहिलो संशोधन) नियमहरू, २०३२" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. निर्वाचन आयोग (आन्तरिक कार्य व्यवस्था) नियमहरू, २०२५ को नियम ८ मा संशोधनः– निर्वाचन आयोग (आन्तरिक कार्य व्यवस्था) नियमहरू, २०२५ (यस–पछि "मूल नियमहरू" भनिएको) को नियम ८ को सट्टा देहायको नियम ८ राखिएको छः–

"८. विभिन्न तहका पञ्चायतहरूसित सम्पर्क राख्न सकिनेः– आयोगले निर्वाचनसम्बन्धी कुनै विषयमा कुनै तहका पञ्चायतसित छलफल गर्न परेमा वा सल्लाह लिन आवश्यक देखेमा त्यस्तो पञ्चायतको प्रतिनिधिहरूसित छलफल गर्न सक्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमहरूको नियम ६ मा संशोधनः– मूल नियमहरूको नियम ६ को–

(१) उप–नियम (२) को सट्टा देहायको उप–नियम (२) राखिएको छ।

"(२) निर्वाचनको कामको सिलसिलामा खटिएका सरकारी कर्मचारीहरूलाई निर्वाचनको काममा आफू खटिएको वा नियुक्तभएको जिल्लाभित्र वा बाहिर भ्रमण गर्दा सो अवधिभर पूरा दैनिक भ्रमण भत्ता दिइनेछ।"

(२) उप–नियम (३) को सट्टा देहायको उप–नियम (३) राखिएको छ।

"(३) निर्वाचनसम्बन्धी काममा खटिएका तथा खटाइएका सरकारी कर्मचारीहरूलाई आयोगले चाहेमा दैनिक भ्रमण भत्ताको बदलामा अनुदान दिन सक्नेछ। तर दैनिक भ्रमण भत्ताको बदलामा अनुदान तोक्दा उप–नियम (२) बमोजिम पाउने दैनिक भ्रमण भत्ताको अंकभन्दा बढी हुने छैन।"

(३) उप–नियम (३) पछि देहायको उप–नियम (४) थपिएको छ।

"(४) निर्वाचनसम्बन्धी काममा लगाइएका व्यक्तिलाई कामको परिमाण हेरी आयोगले एक मुष्ट पारिश्रमिक दिन सक्नेछ।"

आज्ञाले–
मीनबहादुर जोशी
सचिव
निर्वाचन आयोग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।